## आर्थिक टिप्पणी

सुदूरपश्चिम प्रदेश बरघर र भलमन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भई कार्यान्वयनमा आएमा प्रदेश सरकालाई आर्थिक दायित्व सिर्जना हुने देखिदैन। विधेयकको दफा २९ मा उल्लेखित प्रदेश सरकारको दायित्व र जिम्मेवारीका हकमा प्रदेश सरकारको आर्थिक स्रोतको अवस्था र आवश्यकता तथा औचित्यता समेतका आधारमा बजेट विनियोजन गर्ने स्वतन्त्रता रहेकाले अनिवार्य आर्थिक दायित्व सिर्जना हुने देखिदैन।

...............................................

(मा. मेघराज खड्का)

मन्त्री

सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश

## उद्देश्य र कारण

नेपालको संविधानको अनुसूची-६ मा उल्लेखित प्रदेशको अधिकार सूचीको क्र.सं. १८ मा भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी अधिकार प्रदेश सरकारको रहेको,राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को(ग)(६)मा "देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने" र नीति नं. ५१(ञ)(८)मा "....आदिवासी जनजाती र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने" उल्लेख गरिएको छ। नेपालको संविधानको भाग-३ मा उल्लेखित मौलिक हक अन्तर्गत धारा-३२ मा भाषा तथा संस्कृत्तिको हक सम्बन्धी व्यवस्थाको उपधारा (३) मा "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृत्ति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक हुनेछ" भन्ने व्यवस्था रहेको छ।

सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८१ को अनुसूची- २ को बुँदा नं ५० अनुसार "भाषा, लिपी, संस्कृति, ललितकता र धर्मको संरक्षण र प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन" सम्बन्धी अधिकार सामाजिक विकास मन्त्रालयको रहेको र यस प्रदेशमा बसोबास गर्ने आदिवासी थारु जातिभित्र परम्परादेखि प्रचलनमा रहेको बरघर भलमन्सा प्रथालाई संरक्षण, प्रबर्द्धन र नियमन गर्न आवश्यक भएकाले सामाजिक विकास मन्त्रालयले तर्जुमा गरेको "सुदूरपश्चिम प्रदेश बरघर र भलमन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को मस्यौदा प्रदेश सभामा पेश गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति समेत प्राप्त भएकाले प्रस्तुत विधेयक प्रदेश सभामा पेश गरेको छु ।

.............................................

(मा. मेघराज खड्का)

मन्त्री

सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश

## प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

प्रस्तुत विधेयकमा रहेको प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छः-

| क्र. सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ३० | ऐनको प्रभावकारी कार्यान्वयनका लागि नियम बनाउने अधिकार मन्त्रिपरिषद्लाई प्रदान गर्न आवश्यक भएकाले । | ऐनमा लेखिएदेखि बाहेकका ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने विषय उल्लेख गर्न सकिने । | ऐनको प्रभाकारी कार्यान्वयन हुने। |
| २. | दफा ३१ | ऐन तथा ऐन अन्तर्गत बन्ने नियमको प्रभावकारी कार्यान्वयनका लागि कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार मन्त्रालयलाई प्रदान गर्न आवश्यक भएकाले । | ऐन र नियमावलीमा लेखिएदेखि बाहेकका कार्यविधिगत व्यवस्था, निर्देशन र मापदण्ड बनाउन सकिने । | ऐन र नियमको प्रभावकारी कार्यान्वय हुने। |

.............................................

(मा. मेघराज खड्का)

मन्त्री

सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश

**सुदूरपश्चिम प्रदेश बरघर र भलमन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको**

## व्याख्यात्मक टिप्पणी

| दफा नं. | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस दफामा ऐनको नाम सुदूरपश्चिम प्रदेश बरघर र भलमन्सा प्रथा संरक्षण तथा विकास ऐन २०८२ रहने र योे ऐन तुरुन्त प्रारम्भ हुने व्यवस्था गरिएको छ । |
| २ | परिभाषा | यस दफामा पटक पटक प्रयोग भएका शब्दहरु परिभाषित गरिएको छ । |
| ३ | बरघर र भलमन्सा प्रणालीभित्र रहने पदहरु | यस दफामा आदिवासी थारु जातिको बसोबास रहेको प्रत्येक गाउँमा एउटा बरघर भलमन्सा प्रणाली रहनेछ र बरघर भलमन्सा प्रणालीभित्र बरघर वा भलमन्सा, चिरक्या, अगरिया/अघरिया, चौकीदार, गुरुवा, र केसौका पदहरु रहने व्यवस्था गरिएको छ । |
| ४ | भूरा खेलबाट पदाधिकारी चयन हुने | पदाधिकारीको चयन भूरा खेलको सर्वसहमतिका आधारमा हुने, सहमति हुन नसकेमा मतदान प्रकृयाद्वारा सबैभन्दा बढी मत ल्याउनेलाई पदाधिकारी चयन गरिने, भुरा खेलमा राजनीतिक दलको प्यानल बनाइ उम्मेदवारी दर्ता गर्न र उम्मेदवार छनोट गर्न नपाइने, पदाधिकारी चयन गर्दा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत र सो संख्या उपलब्ध हुन नसकेमा कम्तीमा एकजना महिलाको प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५ | पदावधिः | यस दफामा भूरा खेलबाट चयन भएका पदाधिकारीको पदावधि एक बर्षको हुने र पदावधि पूरा भएमा भूरा खेलको सहमति अनुसार पुनः चयन गर्न सकिने व्यवस्था गरिएको छ। |
| ६ | भूरा खेल सम्बन्धी व्यवस्थाः | भूरा खेल बरघर भलमन्सा प्रणालीको सर्वोच्च अंग हुने, भूरा खेलको बैठक प्रत्येक बर्षको माघ महिनामा हुने, तर कुनै कारणबस पदाधिकारीको पद रिक्त भएमा पदाधिकारी चयन गर्ने प्रयोजनका लागि जुनसुकै समयमा पनि भूरा खेलको बैठक बस्न बाधा नपर्ने, प्रत्येक घरधुरीबाट एकजनाका दरले प्रतिनिधित्व हुनेगरी भूरा खेलको बैठक बस्ने, भुरा खेलको बैठक बस्नका लागि कम्तीमा सात दिन अगावै मिति, स्थान र समय तोकेर गाउँमा सूचना जारी गरिने, भुरा खेल बस्ने एक दिन अगाडि चौकीदार मार्फत सबै घरधुरीलाई पुनः जानकारी दिनु पर्ने र साठी प्रतिशत घरधुरीका प्रतिनिधि उपस्थित भएमा भूरा खेलका लागि गणपुरक संख्या मानिने व्यवस्था यस दफामा गरिएको छ । |
| ७ | भूरा खेलको काम, कर्तव्य र अधिकारः | यस दफामा भूरा खेलको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसमा पदाधिकारी चयन गर्ने, गाउँमा वर्षभरी भए गरेका कामको समीक्षा गर्ने लगायतका १३ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। |
| ८ | बरघर र भलमन्साको योग्यताः | यस दफामा बरघर/भलमन्सा पदका लागि चाहिने योग्यता उल्लेख गरिएको छ। जसमा नेपाली नागरिकता प्राप्त गरेको थारु समुदायको व्यक्ति, सम्बन्धित गाउँमा कम्तीमा एकवर्षदेखि स्थायी बसोबास गर्दै आएको, कम्तीमा पच्चीस वर्ष उमेर पूरा भएको, उच्च नैतिक चरित्र भएको, थारु समुदायको धर्म, रितीरिवाज, संस्कति र परम्परा मान्ने, र नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको भन्ने काम, कर्तव्य र अधिकारहरुको व्यवस्था गरिएको छ । |
| ९ | गुरुवा र केसौकाको | यस दफामा गुरुवा र केसौका पदका लागि चाहिने योग्यता उल्लेख गरिएको छ। |

| | | |
|---|---|---|
| | योग्यताः | |
| १० | संरक्षकको भूमिकामा रही काम गर्नुपर्नेः: | यसमा बरघर भलमन्साले संरक्षकको भूमिकामा रही काम गर्नुपर्ने विषय समेटिएको छ। जस अन्तर्गत मानव, चराचुरुङ्गी, पशुपन्छी र बालीनालीको प्रमुख संरक्षकको रुपमा भूमिका निर्वाह गर्ने, गाउँमा आइपर्ने दैवी प्रकोपबाट सुरक्षित बनाउने र आपत बिपतमा राहतको व्यवस्था मिलाउन पहल गर्ने लगायतका २० वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएका छन् । |
| ११ | मेलमिलाप सम्बन्धी व्यवस्थाः | यसमा बरघर भलमन्साले गर्ने मेलमिलाप सम्बन्धी व्यवस्था गरिएको छ । जस अन्तर्गत आलीधुर, बाँध, कुलो वा पानीकुलोको बाँडफाड तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको र चरन, घाँस र दाउरा लगायतका १२ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। |
| १२ | विकास निर्माण सम्बन्धी अधिकारः | यस दफामा बरघर भलमन्साको विकास निर्माण सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। जस अन्तर्गत गाउँको विकास निर्माण सम्बन्धी योजना पहिचान, प्राथमिकता छनोट गर्ने, योजना बनाउने र निर्माण कार्यमा जनप्रतिनिधिहरुसँग समन्वय गर्ने,विकास निर्माण कार्यका लागि श्रोत र साधनको व्यवस्था मिलाउन बिभिन्न सरकारी, गैर सरकारी, संघसंस्थासँग समन्वय गर्ने, लगायतका ५ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएका छन् । |
| १३ | संस्कृति संरक्षण र प्रर्वद्धन सम्बन्धी अधिकारः | यस दफामा बरघर भलमन्साको संस्कृति संरक्षण र प्रवर्द्धन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। जस अन्तर्गत गाउँमा वर्ष भरी गर्नुपर्ने पूजापाठ, नाचगान, परम्परा आदिको पहिचान र वार्षिक कार्य योजना बनाउने र गाउँमा वर्षभरी मनाईने चाडपर्व र पूजापाठको लागि गुरुवा, केसौका र सम्बन्धित सबैको सहयोग लिएर सांस्कृतिक कार्य गर्ने गराउने लगायतका ५ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएका छन् । |
| १४ | सम्पर्क र समन्वयात्मक अधिकारः | यस दफामा बरघर भलमन्साको सम्पर्क र समन्वयतात्मक अधिकारको व्यवस्था गरिएको छ। जस अन्तर्गत गाउँमा सम्पर्क र समन्वय प्रमुखको रुपमा भूमिका निर्वाह गर्ने, स्थानीय तहमा रहेका विभिन्न संघ संस्था, निकाय र पक्षहरुसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने, गाउँको समस्या बारे स्थानीय, प्रदेश र संघ सरकारलाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने लगायतका ७ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएका छन् । |
| १५ | अन्य अधिकारहरुः | यस दफामा बरघर र भलमन्साका अन्य अधिकारको व्यवस्था गरिएको छ । |
| १६ | चौकीदार, अगरिया वा अघरिया र चिरक्याको काम, कर्तव्य र अधिकारः | यस दफामा चौकीदार, अगरिया वा अघरिया र चिरक्याको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसमा बरघर भलमन्साले दिएको निर्देशन र जिम्मेवारी अनुसार काम गर्ने,<br>गर्ने लगायतका ३ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। |
| १७ | गुरुवाको काम, कर्तब्य र अधिकारः | यस दफामा गुरुवाको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जस अन्तर्गत गाउँको वर्षभरी गरिने विभिन्न पूजापाठलाई परम्परा र विधि अनुसार सम्पन्न गर्ने र गाउँमा हुन सक्ने दैवी, प्रकोप, किट पटङ, खराव डोख, दुष्ट नजर, रोगब्याधीबाट गाउँका मानव, जीवजन्तु र बाली नालीलाई बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने,<br>लगायतका ६ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| १८ | केसौकाको काम कर्तव्य र अधिकारः | यस दफामा केसौकाको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जस अन्तर्गत विभिन्न पूजापाठ र कर्म गर्नको लागि गुरुवाको सहयोगीको रुपमा काम गर्ने लगायतका २ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। |
| १९ | सोरिनिया र बैदवाको काम कर्तव्य र अधिकारः | यस दफामा सोरिनिया र बैदवाको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । |
| २० | घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकारः | यस दफामा घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जस अन्तर्गत गाउँ भुरा खेल, भेला, जुट्याल्हा, कचहरीमा सहभागी भई आफ्नो विचार र मत दिने, बरघर भलमन्साले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा गर्ने लगायतका ६ वटा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। |
| २१ | पद रिक्त हुने अवस्थाः | यस दफामा पद रिक्त हुने व्यवस्था गरिएको छ । जस अन्तर्गत एक वर्षे कार्यकाल समाप्त भएमा र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा लगातका अवस्थामा पदमुक्त हुने व्यवस्था गरिएको छ । |
| २२ | बाँकी अवधिका लागि पदपुर्ति गरिनेः | यस दफामा दफा २१ बमोजिम कुनै पदाधिकारीको पद रिक्त हुन गएमा बाँकि अवधिका लागि पदपुर्ति गरिने र बाँकि अवधिका पदपुर्ति गर्दा भुरा खेलको बैठक बसी पदपुर्ति गरिने व्यवस्था गरिएको छ । |
| २३ | आर्थिक स्रोत व्यवस्थापनः | यस दफामा संघ सरकार, प्रदेश सरकार, स्थानीय तह र वडा कार्यालयबाट प्राप्त हुने रकम, गाउँ भुरा खेल र भेलाको निर्णय अनुसार प्रति घरधुरीले निश्चित प्रयोजनको लागि जम्मा गरेको नगदी वा जिन्सी, उठेको टिहाईमध्ये सम्बन्धित पक्षलाई भुक्तानी गरी बचेको नगदी र जिन्सी लगायतका रकम बरघर भलमन्साको श्रोत व्यवस्थापनको रुपमा रहने उल्लेख गरिएको छ । |
| २४ | खाता सञ्चालन र खर्च विधिः | यस दफामा बरघर भलमन्सा प्रणालीको खाता सञ्चालन र खर्च विधि सम्बन्धी व्यवस्था गरिएको छ । |
| २५ | पदाधिकारीको सेवा सुविधाः | यस दफामा भुरा खेलले निर्णय गरी पदाधिकारीको सेवा सुविधा तोक्न सक्ने र सेवा सुविधा बरघर भलमन्सा प्रणालीमा प्राप्त भएको आम्दानीबाट खर्च गरिनेछ उल्लेख गरिएको छ । |
| २६ | परिचयपत्र सम्बन्धी व्यवस्थाः | यस दफामा प्रत्येक वर्ष गाउँको भुरा खेलबाट छनौट भएका पदाधिकारीलाई सम्बन्धित वडा कार्यालयले अनुसूची बमोजिमको ढाँचामा परिचय पत्र प्रदान गर्ने व्यवस्था गरिएको छ । |
| २७ | अभिलेखः | यस दफामा बरघर भलमन्सा प्रणाली अन्तर्गत प्रत्येक वर्ष भए गरेको काम कारवाहीको अभिलेख राखिने र विवरण अभिलेखिकरणका लागि सम्बन्धित वडा कार्यालय र स्थानीय तहमा समेत पठाउनु पर्नेछ । |
| २८ | प्रतिनिधित्व, सहभागिता र प्राथमिकरणः | यस दफामा प्रदेश सरकार र स्थानीय तहले बरघर भलमन्साको कार्यसँग जोडिएको सार्वजनिक गतिविधिमा उक्त समुदायको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्ने र वडा स्तरीय योजना तर्जुमा गर्दा सम्बन्धित गाउँ बरघर भलमन्सालाई पत्राचार गरी आमन्त्रण गर्न सकिने छ । |

| | | |
|---|---|---|
| २९ | प्रदेश सरकारको दायित्व र जिम्मेवारी | यस दफामा प्रदेश सरकारले आफ्नो बार्षिक बजेट कार्यक्रममा बरघर भलमन्सा प्रणालीको संरक्षण सम्बर्द्धन र विकासका लागि आवश्यक बजेट तथा अनुदान रकम छुटयाउन सक्नेे, थारु समुदायको पूजापाठ, धर्म, संस्कृतिसँग जोडिएको सार्वजनिक स्थल मरुवा), देउथानको संरक्षण(, सम्वर्द्धन र विकासमा प्रदेश सरकारले आवश्यक बजेट व्यवस्था गर्न सक्ने र बरघर भलमन्सा प्रणालीभित्रका पदाधिकारीहरुको क्षमता अभिबृद्धि तथा सचेतनामूलक कार्यक्रम गरिने व्यवस्था गरिएको छ। |
| ३० | नियम बनाउन सक्ने | यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था यसमा गरिएको छ। |
| ३१ | निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने | यस दफामा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक निर्देशिकाकार्यविधि र मापदण्ड , बनाउन सक्ने व्यवस्था गरिएको छ । |
| ३२ | यस ऐन बमोजिम हुने | यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुने भन्ने व्यवस्था यस दफामा उल्लेख गरिएको छ । |

..............................................

(मा. मेघराज खड्का)

मन्त्री

सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश

# सुदूरपश्चिम प्रदेश बरघर र भलमन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने आदिवासी थारु जातिभित्र परम्परादेखि प्रचलनमा रहेको बरघर र भलमन्सा प्रथाको संरक्षण, प्रवर्द्धन र विकास गर्न, प्रथाजनित सांगठनिक प्रणालीको क्षेत्राधिकार र कार्यप्रकृया व्यवस्थित गर्न तथा प्रथासँग सम्बन्धित विभिन्न खेल, परम्परा र सांस्कृतिक प्रचलनहरुको नियमनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश बरघर र भलमन्सा प्रथा संरक्षण तथा विकास ऐन २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कचेहरी" भन्नाले विवाद सम्बन्धी छलफलका लागि बस्ने गाउँ भेला सम्झनु पर्छ ।

(ख) "केसौका" भन्नाले गुरुवाको सहयोगी सम्झनु पर्छ ।

(ग) "खारा वा डाँर" भन्नाले भुरा खेलको नियम अनुसार उठाइएको जरिवाना सम्झनु पर्छ।

(घ) "गुरुवा" भन्नाले भलमन्सा प्रथा अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नको लागि गाउँको खोज्नी बोजनीबाट छनोट भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "घरौरा" भन्नाले गाउँको घरधुरी सम्झनु पर्छ ।

(च) "चिरक्या" भन्नाले परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक अनुष्ठानमा सहयोग गर्ने तथा गाउँको साझा देवता (ठन्वा मर्वा)मा नियमित दियो बाल्ने, पुजा पाठ गर्ने, चाडपर्व र भोज विवाहमा चोखो आगोको व्यवस्था मिलाउने र उज्यालो पार्ने कार्यका लागि नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "चौकीदार" भन्नाले गाउँको चौकीदारी गर्ने, रेखदेख, सूचना प्रवाह र आपत विपद्को बेलामा सहयोग गर्ने कार्यको लागि नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले भलमन्सा, चिरक्या, अगरीया, अघरीया, चौकीदार, गुरुवा र केसौका सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ञ) “बरघर/ भलमन्सा” भन्नाले गाउँलेहरुले भूरा खेलबाट चुनेर बनाएको थारु समुदायको मुखिया वा अगुवा सम्झनु पर्छ ।

(ट) “बरघर/भलमन्सा प्रणाली” भन्नाले थारु समुदायले आफ्नो संस्कृति, प्रथा, परम्परा र अभ्यास अनुसार चीरकालदेखि निरन्तर सञ्चालन गर्दै आएको प्रचलन सम्झनु पर्छ।

(ठ) “बाली वा टिहाइ” भन्नाले भुरा खेलबाट चयन भएका पदाधिकारीलाई गाउँको सेवा बापत दिइने जिन्सी वा नगद पारिश्रमिक सम्झनु पर्छ ।

(ड) “बेगारी वा झराली” भन्नाले भलमन्साको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई निःशुल्क श्रमदान वा सीप दान वा सामूहिक रुपमा गरिने कार्य सम्झनु पर्छ ।

(ढ) “भुरा खेल” भन्नाले प्रत्येक वर्षको माघ महिनाभरी भलमन्सा प्रथाबाट नेतृत्व चयन गर्न, कार्य प्रगतिको समीक्षा गर्न र अन्य आवश्यक कार्य गर्नका लागि बोलाइएको विशेष भेलालाई सम्झनु पर्छ ।

(ण) “मन्त्रालय” भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(त) “वैदवा” भन्नाले आयुर्वेद औषधि तथा प्राकृतिक चिकित्सा सम्बन्धी ज्ञान भएको व्यक्ति सम्झनु पर्छ ।

(थ) “सोरिनिया” भन्नाले सुत्केरी महिलालाई बच्चा जन्माउनमा सहयोग गर्ने र सरसफाइमा खटिने महिला सम्झनु पर्छ ।

(द) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका वा उपमहानगरपालिका सम्झनु पर्छ।

## परिच्छेद २

## बरघर र भलमन्सा प्रणाली तथा भुरा खेल सम्बन्धी व्यवस्था

**३. बरघर र भलमन्सा प्रणालीभित्र रहने पदहरुः** (१) आदिवासी थारु जातिको बसोबास रहेको प्रत्येक गाउँमा एउटा बरघर भलमन्सा प्रणाली रहनेछ।

(२) बरघर र भलमन्सा प्रणालीभित्र देहायका पदहरु रहने छन् :-

(क) बरघर वा भलमन्सा,

(ख) चिरक्या,

(ग) अगरिया/अघरिया,

(घ) चौकीदार,

(ङ) गुरुवा, र

(च) केसौका ।

४. **<u>भूरा खेलबाट पदाधिकारी चयन हुने</u>ः (१)** पदाधिकारीको चयन भूरा खेलबाट गरिनेछ ।

(२) पदाधिकारीको चयन भूरा खेलको सर्वसहमतिका आधारमा हुनेछ । सहमति हुन नसकेमा मतदान प्रकृयाद्वारा सबैभन्दा बढी मत ल्याउनेलाई पदाधिकारी चयन गरिनेछ ।

(३) भुरा खेलमा राजनीतिक दलको प्यानल बनाइ उम्मेदवारी दर्ता गर्न र उम्मेदवार छनोट गर्न पाइने छैन ।

(४) पदाधिकारी चयन गर्दा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत र सो संख्या उपलब्ध हुन नसकेमा कम्तीमा एकजना महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ ।

५. **<u>पदावधि</u>ः (१)** भूरा खेलबाट चयन भएका पदाधिकारीको पदावधि एक बर्षको हुनेछ ।

**(२)** पदावधि पूरा भएमा भूरा खेलको सहमति अनुसार पुनः चयन गर्न सकिनेछ।

६. **<u>भूरा खेल सम्बन्धी व्यवस्था</u>ः (१)** भूरा खेल बरघर भलमन्सा प्रणालीको सर्वोच्च अंग हुनेछ ।

(२) भूरा खेलको बैठक प्रत्येक बर्षको माघ महिनामा हुनेछ । तर कुनै कारणबस पदाधिकारीको पद रिक्त भएमा पदाधिकारी चयन गर्ने प्रयोजनका लागि जुनसुकै समयमा पनि भूरा खेलको बैठक बस्न बाधा पर्ने छैन ।

**(३)** प्रत्येक घरधुरीबाट एकजनाका दरले प्रतिनिधित्व हुनेगरी भूरा खेलको बैठक बस्नेछ।

**(४)** भुरा खेलको बैठक बस्नका लागि कम्तीमा सात दिन अगावै मिति, स्थान र समय तोकेर गाउँमा सूचना जारी गरिनेछ ।

**(५)** भुरा खेल बस्ने एक दिन अगाडि चौकीदार मार्फत सबै घरधुरीलाई पुनः जानकारी दिनु पर्नेछ।

**(६)** साठी प्रतिशत घरधुरीका प्रतिनिधि उपस्थित भएमा भूरा खेलका लागि गणपुरक संख्या मानिनेछ।

७. **<u>भूरा खेलको काम, कर्तव्य र अधिकार</u>ः** भूरा खेलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) पदाधिकारी चयन गर्ने,

(ख) गाउँमा वर्षभरी भए गरेका कामको समीक्षा गर्ने,

(ग) गाउँको विकास र योजना निर्माणका लागि सम्बन्धित स्थानीय तह, प्रदेश सरकार र संघ सरकार समक्ष अनुरोध गर्ने,

(घ) भलमन्सा प्रणालीको बर्षभरीको हिसाब किताबको सोधखोज र अनुमोदन गर्ने,

(ङ) गैरसरकारी संघसंस्था समक्ष अनुदान सहयोगका लागि अनुरोध गर्ने,

(च) वर्षभरी भएको आम्दानी र खर्चको सार्वजनिक सुनवाई गरी पास गर्ने,

(छ) आम्दानीको श्रोत पहिचान, बाली वा टिहाई, खारा, डाँर आदी निर्धारण गर्ने,

(ज) पदाधिकारीलाई दिइने सेवा सुविधा निर्धारण गर्ने,

(झ) नयाँ घरधुरीलाई सदस्यता दिने र सदस्यता नविकरण गर्ने,

(ञ) गाउँको घरधुरी र जनसंख्या अध्यावधिक गर्ने,

(ट) गाउँबाट उठेको रकमको वार्षिक योजना बनाउने र बजेट बाँडफाँड गर्ने,

(ठ) अनुमानित आम्दानी तथा खर्चको विवरण तयार पार्ने, र

(ड) गाउँको हक हित, सुरक्षा तथा विकासको लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्ने ।

## परिच्छेद - ३

## बरघर र भलमन्सा, गुरुवा तथा केसौकाको योग्यता

८. **बरघर र भलमन्साको योग्यताः** बरघर/भलमन्सा पदका लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछः

(क) नेपाली नागरिकता प्राप्त गरेको थारु समुदायको व्यक्ति,

(ख) सम्बन्धित गाउँमा कम्तीमा एकवर्षदेखि स्थायी बसोबास गर्दै आएको,

(ग) कम्तीमा पच्चीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको,

(ङ) थारु समुदायको धर्म, रितीरिवाज, संस्कति र परम्परा मान्ने, र

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

९. **गुरुवा र केसौकाको योग्यताः** गुरुवा र केसौका पदका लागि देहाय बमोजिको योग्यता पूरा भएको हुनुपर्नेछः-

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) सम्बन्धित गाउँमा वा गाउँ नजिक नियमित बसोबास भएको,

(ग) गाउँ समुदायको विश्वास, मान्यता र परम्परा अनुसार गाउँको साझा पूजापाठ गर्न र मन्त्र विद्या जानेको,

(घ) गाउँको परम्परा र संस्कृति जाने बुझेको,

(ङ) उच्च नैतिक चरित्र भएको, र

(च) दुःखी बिरामीलाई सहयोग गर्ने भावना भएको ।

## परिच्छेद - ४

## बरघर र भलमन्साको काम, कर्तव्य र अधिकार

१०. **संरक्षकको भूमिकामा रही काम गर्नुपर्नेः** बरघर भलमन्साले संरक्षकको भूमिकामा रही देहाय बमोजिमको कार्य गर्नुपर्ने छः-

(क) मानव, चराचुरुङ्गी, पशुपन्छी र  बालीनालीको प्रमुख संरक्षकको रुपमा भूमिका निर्वाह गर्ने,

(ख) गाउँमा आइपर्ने दैवी प्रकोपबाट सुरक्षित बनाउने,

(ग) आपत बिपतमा राहतको व्यवस्था मिलाउन पहल गर्ने,

(घ) कसैमाथि अन्याय परेको सूचना वा जानकारी पाप्त भएमा गाउँको भेला बोलाई छलफल गर्ने र  विवाद नमिलेमा सम्बन्धित निकायमा जान सुझाव दिने,

(ङ) गाउँमा कुनै घर छुट्टिन चाहेमा सामाजिक न्याय कायम गर्न्दै मानो छुट्याउन र घर बनाउन सहयोग गर्ने,

(च) विपद्मा परी समस्या परेका व्यक्ति, घर परिवारलाई मानवीय सहयोग जुटाउन पहल गर्ने,

(छ) गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख, संरक्षण र सदुपयोग गर्ने गराउने,

(ज) सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(झ) राज्यका विभिन्न क्षेत्रमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर सिर्जना गर्नका लागि सशक्तिकरणमा जोड दिने,

(ञ) महिला, बालबालिका र विपन्न वर्गको संरक्षण तथा सम्बर्द्धनमा विशेष ध्यान दिने,

(ट) बालविवाह, बहुविवाह लगायतका कानुन विपरितका कार्यहरु नगर्न नगराउन सामाजिक सचेतनामूलक जानकारी गर्ने गराउने,

(ठ) बोक्सी, छाउपडी लगायतका सामाजिक कुप्रथाका रुपमा रहेका परम्परा र प्रचलनलाई निरुत्साहित गर्ने, र

(ड) समाजमा शान्ति स्थापनाको कार्यमा भुमिका निर्वाह गर्ने ।

**११. <u>मेलमिलाप सम्बन्धी व्यवस्थाः</u> (१)** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ मा उल्लेखित न्यायिक समितिको क्षेत्राधिकारको प्रतिकूल नहुने गरी बरघर र भलमन्साले देहायका सामान्य घट्ना वा विवादको सम्बन्धमा मौखिक वा लिखित निवेदन परेमा कचेहरी र पञ्चायतको रोहबरमा छलफल गरी मेलमिलाप गराउन सक्नेछः-

**(क)** आलीधुर, बाँध, कुलो वा पानीकुलोको बाँडफाड तथा उपयोग,

**(ख)** अर्काको बाली नोक्सानी गरेको,

**(ग)** चरन, घाँस र दाउरा,

**(घ)** ज्याला मजुरी नदिएको,

**(ङ)** घरपालुवा जनावर हराएको वा पाएको,

(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(छ) नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन नदिएको,

(ज) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख विरुवा लगाएको,

(झ) गाली बेइज्जती गरेको,

(ञ) पति पत्नी विचको सामान्य विवाद,

(ट) छिमेकीहरु बीचको झैझगडा र सामान्य वाद विवाद, र

(ठ) ध्वनि प्रदुषण, फोहोरमैला गरी छिमेकीलाइ असर पुरयाएको ।

(२) उपदफा (१) बमोजिम छलफल गर्दा मेलमिलाप हुन नसकेमा भलमन्साले कानूनी उपचारका लागि सम्बन्धित निकायमा जान सल्लाह सुझाव दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको मेलमिलाप सम्बन्धी प्रकृया बरघर भलमन्सा समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिमका घट्ना वा विवादको गाम्भीर्यता विचार गरी उक्त विवादहरु स्थानीय तहमा रहेको न्यायिक समितिबाट समाधान हुन उपयुक्त देखिएमा निवेदकलाई न्यायिक समितिमा जान सुझाव दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम गरिएको मेलमिलापको प्रतिवेदन प्रत्येक बर्ष बरघर र भलमन्साले सम्बन्धित स्थानीय तहमा रहेको न्यायिक समितिमा पेश गर्नु पर्नेछ ।

१२. <u>विकास निर्माण सम्बन्धी अधिकारः</u> (१) बरघर र भलमन्सालाई विकास निर्माण सम्बन्धमा देहाय बमोजिमको अधिकार रहनेछः-

(क) गाउँको विकास निर्माण सम्बन्धी योजना पहिचान, प्राथमिकता छनोट गर्ने, योजना बनाउने र निर्माण कार्यमा जनप्रतिनिधिहरुसँग समन्वय गर्ने,

(ख) विकास निर्माण कार्यका लागि श्रोत र साधनको व्यवस्था मिलाउन बिभिन्न सरकारी, गैर सरकारी, संघसंस्थासँग समन्वय गर्ने,

(ग) गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई गर्ने,

(घ) गाउँ भुरा,जुटेहला र भेलाबाट गाउँको विकास निर्माण सम्बन्धी योजना बनाई बजेटमा समावेश गर्नका लागि स्थानीय तह, प्रदेश सरकार र संघ सरकारमा अनुरोध गरी पठाउने,

(ङ) उपभोक्ता समितिबाट हुने विकास निर्माणका कार्यक्रम कार्यान्वयन गर्नका लागि गठन हुने उपभोक्ता समितिमा गाउँघरबाट सदस्य वा पदाधिकारी तोक्दा बरघर भलमन्सा समितिमा छलफल गरी सहमतिका आधारमा उपयुक्त व्यक्ति सिफारिस गरी पठाउने।

(२) प्रदेश सरकार र स्थानीय तहबाट गाउँको विकास निर्माण कार्यका लागि उपभोक्ता समिति गठन गर्दा सम्बन्धित गाउँको बरघर भलमन्सालाइ सहभागी गराउनु पर्नेछ ।

१३. **<u>संस्कृति संरक्षण र प्रर्वद्धन सम्बन्धी अधिकारः</u>** बरघर र भलमन्सालाई संस्कृति संरक्षण र प्रवर्द्धन सम्बन्धमा देहाय बमोजिमको अधिकार रहनेछः-

(क) गाउँमा वर्ष भरी गर्नुपर्ने पूजापाठ, नाचगान, परम्परा आदिको पहिचान र वार्षिक कार्य योजना बनाउने,

(ख) गाउँमा वर्षभरी मनाईने चाडपर्व र पूजापाठको लागि गुरुवा, केसौका र सम्बन्धित सबैको सहयोग लिएर सांस्कृतिक कार्य गर्ने गराउने,

(ग) लोक नृत्य, लोक गीत, लोक बाजा, लोक संस्कृतिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने,

(घ) भाषा, लिपी, लोक कला, साहित्य, संस्कृति संरक्षणका निम्ति काम गर्ने,

(ङ) प्रथाजनित कानून, परम्परा र संस्कार अनुसार सामाजिक, सांस्कृतिक कार्य गर्ने गराउने,

(च) सामाजिक संस्कारगत कार्य पक्कापोही (मंगनी), विवाह, मृत्यु संस्कार, चाड पर्वमा सक्रिय सहभागिता जनाउने र आवश्यकता अनुसार जनपरिचालनको व्यवस्था मिलाउने, र

(छ) गाउँको भुरा खेलको निर्णय अनुसार टिहाई संकलन गर्ने ।

१४. **<u>सम्पर्क र समन्वयात्मक अधिकारः</u>**– बरघर र भलमन्सालाई सम्पर्क र समन्वय सम्बन्धी अधिकार देहायबमोजिम हुनेछः-

(क) गाउँमा सम्पर्क र समन्वय प्रमुखको रुपमा भूमिका निर्वाह गर्ने,

(ख) स्थानीय तहमा रहेका विभिन्न संघ संस्था, निकाय र पक्षहरुसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

(ग) गाउँको समस्या बारे स्थानीय, प्रदेश र संघ सरकारलाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने,

(घ) गाउँको हितका लागि आर्थिक तथा प्राविधिक स्रोत व्यवस्थापनका लागि सम्बन्धित निकाय र व्यक्तिहरुसँग अवश्यक सम्पर्क र सहकार्य गर्ने,

(ङ) विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले आयोजना गर्ने गोष्ठी, सभा सम्मेलन, बैठक, भ्रमण, तालिम आदिमा आमन्त्रण भएमा सहभागी हुने वा सहभागी पठाउने,

(च) विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई परिचालन गर्दा वा लाभग्राही छनौट गर्दा सम्बन्धित निकायसँग समन्वय सहकार्य गरी न्यायोचित वितरणको व्यवस्था मिलाउन सहयोग गर्ने,

(छ) गाउँको विकास तथा समुदायको हितमा कुनै सहयोग गर्ने मनसायले कुनै निकाय वा व्यक्ति आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना उपलब्ध गराउने ।

१५. **<u>अन्य अधिकारहरुः</u>** यस परिच्छेदमा लेखिएका अधिकारका अतिरिक्त बरघर र भलमन्सालाई देहायका अधिकार हुनेछनः-

(क) गाउँ समुदायमा विपद पूर्व तयारी सम्बन्धी कार्यहरु गर्ने गराउने,

(ख) शिक्षा, स्वास्थ्य, सरसफाई आदि क्षेत्रको सूचना गाउँमा संप्रेषणको व्यवस्था मिलाउने,

(ग) सामाजिक समस्या, बिकृति, अन्याय र अत्याचारको विरुद्ध सचेतनामूलक अभियान सञ्चालन गर्ने,

(घ) समानता, न्याय, सामाजिक, सांस्कृतिक, धार्मिक सद्भाव र एकता कायम गर्ने गराउने, र

(ङ) गाउँ भुरा खेलले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने ।

## परिच्छेद - ५

## <u>चौकिदार, अगरिया वा अघरिया, चिरक्या,गुरुवा, केसौका, सोरिहिनिया, वैदेवा र घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार</u>

१६. **<u>चौकीदार, अगरिया वा अघरिया र चिरक्याको काम, कर्तव्य र अधिकारः</u>**- चौकीदार, अगरिया/अघरिया र चिरक्याको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-

(क) बरघर भलमन्साले दिएको निर्देशन र जिम्मेवारी अनुसार काम गर्ने,

(ख) बरघर भलमन्साको अनुपस्थितिमा निजको अख्तियारी अनुसार गाउँको सार्वजनिक हितको लागि नेतृत्व गर्ने, र

(ग) बरघर भलमन्सा, गुरुवा, केसौका तथा गाउँ समुदायलाई आवश्यक सहयोग गर्ने ।

१७. **<u>गुरुवाको काम, कर्तब्य र अधिकारः</u>**- गुरुवाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) गाउँको वर्षभरी गरिने विभिन्न पूजापाठलाई परम्परा र विधि अनुसार सम्पन्न गर्ने,

(ख) गाउँमा हुन सक्ने दैवी, प्रकोप, किट पटङ, खराव डोख, दुष्ट नजर, रोगब्याधीबाट गाउँका मानव, जीवजन्तु र बाली नालीलाई बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने,

(ग) गाउँ समुदायमा हुने सामाजिक, धार्मिक, संस्कार, सस्कृतिमा सरसल्लाह र सहयोग प्रदान गर्ने,

(घ) गाउँ घरमा सामाजिक सहिष्णुता र एकता कायम गराउने,

(ङ) बिरामी वा पीडित व्यक्ति वा पक्षको अनुरोधमा उपचार र स्वास्थ्य हितको व्यवस्था मिलाउने, पूजा पाठ गर्ने गराउने, र

(च) रोगको जटिलता र बिरामीको अवस्था अनुसार आफूले उपचार गर्नुका साथै स्वास्थ्य चौकी र अस्पतालमा उपचारका लागि जान सुझाव दिने वा उत्पेरित गर्ने ।

१८. **<u>केसौकाको काम कर्तब्य र अधिकारः-</u>** केसौकाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-

(क) विभिन्न पूजापाठ र कर्म गर्नको लागि गुरुवाको सहयोगीको रुपमा काम गर्ने,

(ख) गाउँका मानिस र पशुपन्छीमा कुनै रोग ब्याधले सताएमा त्यसबाट बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने, र स्वास्थ्य संस्थामा उपचारका लागि जान समेत सुझाव दिने ।

१९. **<u>सोरिनिया र बैदवाको काम कर्तव्य र अधिकारः-</u>** (१) सोरिनियाले गाउँमा सुत्केरी भएका महिलाको सरसफाइ तथा अन्य आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) वैदवाले आयुर्वेद औषधि तथा प्राकृतिक चिकित्सा सेवामा सहयोग गर्नु पर्नेछ ।

२०. **<u>घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकारः-</u>** घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) गाउँ भुरा खेल, भेला, जुट्याल्हा, कचहरीमा सहभागी भई आफ्नो विचार र मत दिने,

(ख) बरघर भलमन्साले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा गर्ने,

(ग) गाउँको भुरा खेलको नियम अनुसार बाली दिने,

(घ) बरघर भलमन्साको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदान, सीप दान, जिन्सी दान र नगद दान गर्ने,

(ङ) गाउँको समस्याको बारेमा गाउँ बरघर वा भलमन्सालाई जानकारी गराउने, र

(च) गाउँको सामाजिक, संस्कार, सस्कृति संरक्षण र प्रर्वद्धन कार्यमा सक्रिय सहभागी हुने।

## परिच्छेद - ६

## <u>पदरिक्त हुने र पदपुर्ति सम्बन्धी व्यवस्था</u>

२१. **<u>पद रिक्त हुने अवस्थाः</u>** भूरा खेलबाट चयन भएका पदाधिकारीको पद देहायको अवस्थामा पद रिक्त हुनेछः-

(क) एक वर्षे कार्यकाल समाप्त भएमा,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) खराब आचरणका कारण कुनै पदाधिकारीलाई पदमा राखिराख्न उचित नभएको भनी गाउँ भेलाको दुई तिहाई मत जाहेर भएमा,

(ङ) जम्मा घरधुरीको कम्तीमा साठी प्रतिशत उपस्थित भएमा भेला बस्ने र उक्त भेलाको दुइ तिहाइ बहुमतले मत जाहेर गरेमा हटाउन सकिने,

(च) अशक्त, अस्वस्थ भई तोकिएको जिम्मेवारी पूरा गर्न नसक्ने भएमा,

(छ) पदबाट दिएको राजीनामा गाउँ भेलाबाट पारित भएमा ।

२२. **<u>बाँकी अवधिका लागि पदपुर्ति गरिने:</u>** (१) दफा २१ बमोजिम कुनै पदाधिकारीको पद रिक्त हुन गएमा बाँकि अवधिका लागि पदपुर्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बाँकि अवधिका पदपुर्ति गर्दा भुरा खेलको बैठक बसी पदपुर्ति गरिनेछ।

## परिच्छेद - ७

## आर्थिक स्रोत व्यवस्थापन, खाता सञ्चालन र पदाधिकारीको सुविधा

२३. **<u>आर्थिक स्रोत व्यवस्थापन:</u>** बरघर भलमन्सा प्रणालीको आर्थिक स्रोत व्यवस्थापन देहायका माध्यमबाट हुनेछः

(क) संघ सरकार, प्रदेश सरकार, स्थानीय तह र वडा कार्यालयबाट प्राप्त हुने रकम,

(ख) गाउँ भुरा खेल र भेलाको निर्णय अनुसार प्रति घरधुरीले निश्चित प्रयोजनको लागि जम्मा गरेको नगदी वा जिन्सी,

(ग) उठेको टिहाईमध्ये सम्बन्धित पक्षलाई भुक्तानी गरी बचेको नगदी र जिन्सी,

(घ) गाउँको पूजापाठ गर्नको लागि घरधुरीबाट उठेको नगदी जिन्सीमध्ये बचेको आम्दानी,

(ङ) गाउँ भुरा खेलले निर्णय गरे अनुसार गाउँमा श्रमदान भौतिक श्रम गर्न नसक्ने र सार्वजनिक काममा अनुपस्थित हुने घरधुरीबाट प्राप्त खारा रकम,

(च) गाउँ भेलाको निर्णयानुसार डाँर जरिवानाबाट प्राप्त रकम,

(छ) गाउँमा बसाइ सराई गरी आउने घरधुरीले बरघर भलमन्सा प्रणालीको सदस्यता लिन चाहेमा गाउँ भेलाको निर्णयले तोके बमोजिमको सदस्यता शुल्क रकम,

(ज) सामुदायिक वन समितिबाट प्राप्त विकास कार्यक्रम अनुदान रकम,

(झ) गाउँको सार्वजनिक स्थलमा गरिने सामुदायिक उत्पादनबाट प्राप्त रकम,

(ञ) गाउँमा सामाजिक, साँस्कृतिक र रचनात्मक काम गरी प्राप्त गरेको रकम,

(ट) विभिन्न दाताबाट प्राप्त दान दातब्य,

(ठ) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त नगदी वा जिन्सी,

(ड) गाउँ भलमन्सा प्रणालीको सम्पत्तिबाट आर्जित रकम र

(ढ) गाउँ भुरा खेलले निर्धारण गरेको श्रमदान नगरी सिँचाई सुविधा लिने जग्गाधनीसँग लिइने पनकरबाट प्राप्त रकम ।

२४. **<u>खाता सञ्चालन र खर्च विधिः</u> (१)** दफा २३ बमोजिम प्राप्त रकम बरघर भलमन्सा प्रणालीको नाममा नजिकको बैंक तथा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

(२) भुरा खेलको निर्णयानुसार कुनै दुईजना पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गर्न सकिने छ ।

**(३)** खातामा जम्मा भएको रकम भुरा खेल वा गाउँ भेलाको निर्णय अनुसार खर्च गरिनेछ।

**(४)** वर्षभरीको आम्दानी र खर्चको विवरण र बिल भरपाई अभिलेख गरी राख्नु पर्नेछ। गाउँ भुरा खेलमा आम्दानी र खर्चको विवरण सार्वजनिक गरी पास गराउनु पर्नेछ ।

**(५)** आय र व्ययको लेखा र लेखा परीक्षण प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

२५. **<u>पदाधिकारीको सेवा सुविधाः</u> (१)** भुरा खेलले निर्णय गरी पदाधिकारीको सेवा सुविधा तोक्न सक्नेछ ।

(२) उपदफा **(१)** बमोजिमको सेवा सुविधा बरघर भलमन्सा प्रणालीमा प्राप्त भएको आम्दानीबाट खर्च गरिनेछ ।

## परिच्छेद - ८

## <u>विविध</u>

२६. **<u>परिचयपत्र सम्बन्धी व्यवस्थाः</u>** प्रत्येक वर्ष गाउँको भुरा खेलबाट छनौट भएका पदाधिकारीलाई सम्बन्धित वडा कार्यालयले अनुसूची बमोजिमको ढाँचामा परिचय पत्र प्रदान गर्नेछ।

२७. **<u>अभिलेखः</u> (१)** बरघर भलमन्सा प्रणाली अन्तर्गत प्रत्येक वर्ष भए गरेको काम कारवाहीको अभिलेख राखिनेछ।

(२) उपदफा **(१)** बमोजिमको विवरण अभिलेखिकरणका लागि सम्बन्धित वडा कार्यालय र स्थानीय तहमा समेत पठाउनु पर्नेछ ।

२८. **<u>प्रतिनिधित्व, सहभागिता र प्राथमिकरणः</u>-** (१) प्रदेश सरकार **र** स्थानीय तहले बरघर भलमन्साको कार्यसँग जोडिएको सार्वजनिक गतिविधिमा उक्त समुदायको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्नेछ ।

**(३)** वडा स्तरीय योजना तर्जुमा गर्दा सम्बन्धित गाउँ बरघर भलमन्सालाई पत्राचार गरी आमन्त्रण गर्न सकिने छ ।

२९. **<u>प्रदेश सरकारको दायित्व र जिम्मेवारीः</u> (१)** प्रदेश सरकारले आफ्नो बार्षिक बजेट कार्यक्रममा बरघर भलमन्सा प्रणालीको संरक्षण सम्बर्द्धन र विकासका लागि आवश्यक बजेट तथा अनुदान रकम छुटयाउन सक्नेछ ।

(२) थारु समुदायको पूजापाठ, धर्म, संस्कृतिसँग जोडिएको सार्वजनिक स्थल (मरुवा, देउथान)को संरक्षण, सम्वर्द्धन र विकासमा प्रदेश सरकारले आवश्यक बजेट व्यवस्था गर्न सक्नेछ ।

**(३)** बरघर भलमन्सा प्रणालीभित्रका पदाधिकारीहरुको क्षमता अभिबृद्धि तथा सचेतनामूलक कार्यक्रम गरिनेछ ।

३०. **<u>नियम बनाउन सक्ने</u>**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

३१. **<u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने</u>:** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

३२. **<u>यस ऐन बमोजिम हुने</u>**ः यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची**

(दफा २६ सँग सम्बन्धित)

……………………..गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका

…………नं. वडा कार्यालय

बरघर भलमन्सा पदाधिकारीलाई दिइने

# परिचय-पत्र

नामः

पदः

ठेगानाः

ना.प्र.प.नं. ……………

सम्पर्क नं…………

रक्त समूह ………

जारी मितिः ………………

पदावधि सकिने मितिः ……………….

फोटो

……………………………….

प्रमाणित गर्ने